फोन नं. ०४८-५४०११४

# नेपाल सरकार
## सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
## जिल्ला विकास समितिको कार्यालय
## मन्थली, रामेछाप

# शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**सूचना नं. ७/२०७३/७४**

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०७३/११/१०)**

यस कार्यालयको चालु आ.व. २०७३/७४ मा संचालन हुने विभिन्न विकास निर्माणका कार्य शिलबन्दी दरभाउपत्रको माध्यमवाट गराउनु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक सम्बन्धित निर्माण व्यवसायीहरुका लागि निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ।

१. दरभाउपत्र कागजात यस कार्यालयवाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (२०७३/११/२४) को कार्यालय समय भित्र प्रोपाइटर वा निजको अधिकृत प्रतिनिधिवाट तपशील बमोजिम नगदै दस्तुर तिरी वा यस कार्यालयको नाममा रहेको रा.वा. बैंक मन्थली स्थित खाता नं. १६८०३०४०३४३०१ (ग-४-३) मा नगद जम्मा गरेको सक्कलै भौचर पेश गरी (पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ ।

२. दरभाउपत्र खरिदका लागि निवेदन पेश गर्दा निवेदन साथ इजाजत प्रमाणपत्र, आयकरको स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र र आ.व. २०७२/०७३ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

३. खरिद भएको शिलवन्दी दरभाउपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु प्रष्टसँग भरी सम्बन्धित निर्माण व्यवसायीले प्रत्येक पानामा सहीछाप गरी नियमानुसार यो सूचना प्रकाशित भएको मितिले १६ (औ) दिन २०७३/११/२५ गते दिनको १२.०० वजे भित्र यस कार्यालयमा दाखिला गर्न सकिने छ। दाखिला हुन आएका दरभाउपत्रपत्रहरु सोही दिन दिनको १.०० वजे यस कार्यालयमा उपस्थित दरभाउपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा दरभाउपत्र बुझाउने अन्तिम दिन विदा पर्नगएमा सोको लगतै कार्यालय खुलेको दिन दरभाउपत्र खरिद गर्न वा बुझाउन सकिनेछ।

५. दरभाउपत्रको खाम वाहिर ठेक्का नम्बर, कामको विवरण र दरभाउपत्र दाताको नाम, ठेगाना र फोन नं (घरको, मोवाईलको) स्पष्ट खोली यस कार्यालयलाई सम्बोधन गरी सो खामलाई शिलबन्दी गरी पेश गर्नु पर्नेछ साथै शिलबन्दी दरभाउपत्रसाथ दफा नं. २ मा उल्लेखित कागजातहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ। शिलबन्दी दरभाउपत्र, दरभाउपत्र खोलिएको मितिबाट ७५ दिन अवधिका लागि मान्य हुनेछ।

६. दरभाउपत्रसाथ तपशिल बमोजिम धरौटी वा जमानत वापतको रकम (मुल्य अभिवृद्धि कर समेत) रा.वा.बैंक शाखा कार्यालय मन्थली स्थित धरौटी खाता नं. १६८०३०३००३०४९ (ग-३/४९) मा दरभाउपत्रदाताको नामवाट जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंकहरुवाट दरभाउपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा ९० (नब्बे दिन) म्याद भएको जमानी पत्र (विडबण्ड) पेश गर्नु पर्ने छ। सम्झौता सम्पन्न भएपछि मात्र जमानत वापतको रकम फिर्ता गरिनेछ।

७. दरभाउपत्र दाताले दररेट उल्लेख गर्दा मुल्य अभिवृद्धि कर वाहेकको दररेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ।

८. दरभाउपत्र दाताले पेश गरेको दरभाउपत्र कामको सम्बन्धमा राम्ररी बुझि दरभाउपत्र भरी पेश गरेको मानिनेछ।

९. एउटा फर्मका नामवाट खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्मका नाममा दाखिला गर्न पाईने छैन।

१०. कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, कार्यालयवाट उपलब्ध गराईएको दरभाउपत्र फाराममा कुनै थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन तथा दरभाउपत्र आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

११. यस सुचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावाली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजानिक खरिद नियमावली, २०६४ एवं प्रचलित ऐन नियम अनुसार हुनेछ।

**शिलवन्दी दरभाउपत्र सम्वन्धी कार्यको विवरण :**

| सि.नं. | ठेक्का नम्वर | योजनाको नाम | स्वीकृत लई रकम (मुअकर बाहेक ) | दरभाउपत्र जमानत रकम | दरभाउपत्र फाराम दस्तुर रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | १-२०७३/७४ | रामेछाप भालुखोप ओखेनी हिमगंगा सडक (ओखेनी तिलवारी खण्ड) | १२७४१३०.५५ | ३२००० | १००० | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम |
| २. | २-२०७३/७४ | मन्थली कठजोर धोवी सडक (मन्थली टेकनपुर र पाहुनाघर धोवी खण्ड) | १६९८५७२.७५ | ४३००० | १००० | आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक |
| ३. | ३-२०७३/७४ | मझुवा (डडुवा) निगालवास टिमु सडक (निगालवास टिमु खण्ड) | १२७४१५०.२१ | ३२००० | १००० | आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक |
| ४. | ४-२०७३/७४ | रस्नालु भित्रीखानी गुप्तेश्वर कैलेश्वर दुËभर कोलडाँडा सडक ( भित्रीखानी कोलडाँडा खण्ड) | १६९७६१८.०९ | ४३००० | १००० | आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक |
| ५. | ५-२०७३/७४ | पुडिटार थर भञ्ज्याË अल्छिदुË आलमपुर सडक (डोरखानी थर भञ्ज्याङ र अल्छीढुंगा आलम्पुर खण्ड) | १६९८५०४.९९ | ४३००० | १००० | आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक |
| ६. | ६-२०७३/७४ | खैरेनीघाट खनियापानी डाँसे सुनापति डोग्मा सडक (रुपाकोट डोग्मा खण्ड) | १२७४०९०.८४ | ३२००० | १००० | आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक |
| ७. | ७-२०७३/७४ | सित्खा गोगनपानी सडक (गोगनपानी धुलेवेशी खण्ड) | १०१९४६८.७९ | २६००० | १००० | आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक |
| ८. | ८-२०७३/७४ | रामेछाप रामपुर कोलोन्जोरघाट सडक (रामपुर कोलोन्जोरघाट खण्ड) | १२७३६९७.१० | ३२००० | १००० | आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक |
| ९. | ९-२०७३/७४ | देउराली सेर्दिङ गुम्देल सडक (सेर्दिङ गुम्देल खण्ड) | १६९८८०५.२५ | ४३००० | १००० | आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक |

स्थानीय विकास अधिकारी

फोन नं. ०४८-५४०११४

**नेपाल सरकार**
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
**जिल्ला विकास समितिको कार्यालय**
**मन्थली, रामेछाप**

# सच्याईएको

यस कार्यालयको मिति २०७३/११/१० मा प्रकाशित सूचना नं. ७/२०७३/७४ अनुसार शिलवन्दी दरभाउपत्र सम्वन्धी कार्यको विवरणको सि.नं. ५ को ठेक्का नं. ५-२०७३/७४ को पुडीटार थर भञ्ज्याङ अल्छिढुंगा आलम्पुर सडकको (डोरखानी थर भञ्ज्याङ र अल्छीढुंगा आलम्पुर खण्ड) हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएकोले सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

स्थानीय विकास अधिकारी